कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# मन्दाकिनी हाइड्रोपावर लिमिटेड

# Mandakini Hydropower Limited

रजिष्ट्रार कार्यालय : सिनामंगल-०९, काठमाडौं ।

फोन नं. : ०१-४५६१५७४,०१-६९१५८३९

इमेल: mandakini.hydropower@gmail.com वेभसाईटः http://www.mandakinihydro.com.np

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूको निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँट तथा रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

मन्दाकिनी हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु. ५८,८०,३६,९००/- (अक्षरेपी अन्ठाउन्न करोड असी लाख छत्तीस हजार नौ सय मात्र) मध्ये १०% अर्थात् रु. ५,८८,०३,७००/- (अक्षरेपी पाँच करोड अठासी लाख तीन हजार सात सय मात्र) रकम बराबरको रु. १००/– अंकित दरका ५,८८,०३७ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वार्ड नं २, ३ ,४ र ६ (साविक सार्दिखोला गा.वि.स., घाचोक गा.वि.स., लाहाचोक गा.वि.स र धिताल गा.वि.स) का बासिन्दाहरुको लागि बि.ओ.के.क्यापिटल मार्केट लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा **मिति २०७९ आषाढ ०१ गतेदेखि मिति २०७९ आषाढ २२ गतेसम्म** बिक्री खुल्ला गरिएकोमा सो अवधिभित्र रीतपूर्वक आवेदन दिनु हुने सम्पूर्ण आवेदकहरूलाई बाँडफाँट सम्बन्धी प्रचलित कानून बमोजिम उक्त कम्पनीको ५,८८,०३७ कित्ता साधारण शेयरहरू मिति २०७९/०३/२९ गते बुधबार बाँडफाँट गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

शेयर बाँडफाँट सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक बि.ओ.के. क्यापिटल मार्केट लिमिटेडको वेबसाइटः www.bokcapital.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौ ।

साथै, संकलन केन्द्रबाट दरखास्त फाराम बुझाएका लगानीकर्ताहरूको हकमा आंशिक रुपमा बाँडफाँटमा परेको वा बाँडफाँटमा नपरेको शेयर वापतको रकम यही मिति २०७९/०४/०१ गते आईतबारदेखि सम्बन्धित आवेदकहरूले दरखास्त फाराममा उल्लेख गरेको बैंक तथा वित्तीय संस्थाको खातामा रकमान्तर गरिने व्यवस्था मिलाइएकोले आफ्नो खातामा रकम जम्मा भए नभएको एकिन गरी यदि जम्मा नभएको खण्डमा बि.ओ.के. क्यापिटल मार्केट लिमिटेडमा सम्पर्क गर्नहुन सूचित गर्दछौ ।

साथै, यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ लि., कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, प्रत्याभुतीकर्ता, संञ्चार माध्यमहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद तथा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**बि.ओ.के. क्यापिटल मार्केट लि.**

**B.O.K Capital Market Ltd.**

A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल ।

फोन नं.: ०१-४५१३४९६, ४५१३०९६

Email: info@bokcapital.com.np

Website: www.bokcapital.com.np

**मिति २०७९/०३/३० गतेको आर्थिक दैनिकमा प्रकाशित गर्ने ।**